August 04, 2024

Sunday

National News

प्रमुख समाचार:-

1. राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु आज साँझ तीन देश फिजी, न्युजिल्यान्ड र टिमोर लेस्टेको भ्रमणका लागि प्रस्थान गर्नु हुँदै

2. मध्य प्रदेशको सागर जिल्लामा मन्दिरको पर्खाल भत्किँदा नौ बालबालिकाको मृत्यु

3. दोस्रो एकदिवसीय क्रिकेट खेलमा भारत र श्रीलंकाबीच प्रतिस्पर्धा हुँदै

4. पेरिस ओलम्पिकमा पुरुष हक्की टोली सेमीफाइनलमा प्रवेश, लक्ष्य सेन आज ब्याडमिन्टन पुरुष सिंगल्सको सेमिफाइनलमा पराजित

1. Prez Visit

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु फिजी, न्युजिल्यान्ड र टिमोर लेस्टे गरी तीन देशको भ्रमणका लागि आज साँझ फिजी प्रस्थान गर्दै हुनुहुन्छ। यस भ्रमणका क्रममा उहाँले द्विपक्षीय भेटघाट र प्रवासी भारतीयहरूसँग अन्तरक्रिया गर्नु हुनेछ। फिजी भ्रमणको पहिलो चरणमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले राजधानीमा द्विपक्षीय भेटवार्ता गर्नु हुनेछ। त्यसपछि उहाँले फिजीको संसदलाई सम्बोधन गर्नु हुनेछ। न्युजिल्यान्डमा श्रीमती मुर्मुले द्विपक्षीय भेटघाट गर्ने र वेलिंगटनमा अन्तर्राष्ट्रिय शिक्षा सम्मेलनलाई पनि सम्बोधन गर्ने कार्यक्रम छ। उहाँले अकल्याण्डमा एक स्वागत समारोहमा भारतीय प्रवासीहरूसँग पनि कुराकानी गर्नु हुनेछ। भ्रमणको अन्तिम चरणमा उहाँले टिमोर लेस्टेको भ्रमण गर्नु हुनेछ। श्रीमती मुर्मुको तीन देशको भ्रमणले भारतको एक्ट ईस्ट नीतिलाई थप प्रोत्साहन दिने र दक्षिण पूर्वी एशिया र प्रशान्त क्षेत्रमा भारतको विशेष ध्यान पुष्टि गर्ने अपेक्षा गरिएको छ।

2. Prez – Governors Meet

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले राज्यको समावेशी र निरन्तर विकासमा देशको भविष्य निर्भर रहेको बताउनुभएको छ। उहाँले सबै राज्यले एकअर्काको उत्कृष्ट कार्यशैली र अनुभवबाट सिकेर अगाडि बढ्नुपर्ने बताउनुभयो। दुई दिने राज्यपाल सम्मेलन हिजो राष्ट्रपति भवनमा सम्पन्न भएको छ। राष्ट्रपतिले एकअर्काको अनुभवबाट सिक्ने भावनामा आधारित रहेर आयोजित सम्मेलनमा भएको व्यापक छलफलका लागि राज्यपालहरूको प्रशंसा गर्नुभयो।

## 3. Amit Shah- Chandigarh

गृहमन्त्री श्री अमित शाहले आज चण्डीगढको मनिमाजरामा चौबिसै घण्टा पानी आपूर्तिको परियोजनाको उद्घाटन गर्नुभयो। श्री अमित शाहले यो परियोजनाले मणिमाजराका करिब एक लाख जनतालाई फाइदा पुग्ने बताउनुभयो। उहाँले यो परियोजनामा करिब ७५ करोड रुपैयाँ खर्च भइसकेको बताउनुभयो । यस परियोजनाको उद्देश्य पानीको चुहावट रोक्नु र ऊर्जा खपतको अनुगमन मार्फत जलस्रोत अभिवृद्धि गर्नु हो।

## 4. MP - Accident

मध्य प्रदेशको सागर जिल्लामा आज एउटा मन्दिरको पर्खाल भत्किँदा नौ बालबालिकाको मृत्यु भएको छ भने कैयौं घाइते भएका छन् । शाहपुरको हरदौल बाबा मन्दिरमा धार्मिक कार्यक्रमका क्रममा दुर्घटना भएको हो । घाइते बालबालिकालाई अस्पतालमा भर्ना गरिएको छ । जिल्ला प्रशासनले उद्धार कार्य जारी राखेको छ । मुख्यमन्त्री श्री मोहन यादवले दुर्घटनामा ज्यान गुमाएका बालबालिकाका परिवारप्रति गहिरो समवेदना व्यक्त गर्नुभएको छ। उहाँले प्रत्येक मृतकका परिवारलाई 4 – 4 लाख रुपैयाँ राहत दिने घोषणा गर्नुभएको छ।

## 5. Kerala - Wayanad

गत मंगलबारको ठूलो पहिरोले क्षतिग्रस्त केरलाको वायनाडमा सेनाको नेतृत्वमा खोजी अभियान चलिरहेको छ। पहिरोमा परी तीन सयभन्दा बढीको मृत्यु भएको छ । हाम्रो संवाददाताका अनुसार पहिरो प्रभावित क्षेत्रमा आज छैटौं दिन पनि उद्धार टोलीले राहत कार्य जारी राखेको छ। यसैबीच केरलाको स्वास्थ्य मन्त्री वीणा जर्जले वायनाड पहिरोमा परी उद्धार गरिएका बालबालिकाहरूबाट कुनै पनि जानकारी नलिन सञ्चारमाध्यमहरूलाई अपिल गर्नुभएको छ। एक सामाजिक सञ्जाल पोस्टमा, उहाँले यस्ता बालबालिकाहरूसँग उनीहरुको दुखदायी अनुभवहरु बारेमा बारम्बार कुरा गर्दा उनीहरुको मानसिक स्थितिमा नकारात्मक असर पर्ने बताउनुभएको छ।

## 6. SSB – Daljit Singh Chaudhury

सशस्त्र सीमाका महानिर्देशक श्री दलजित सिंह चौधरीले सीमा सुरक्षा बलका महानिर्देशकको अतिरिक्त कार्यभार सम्हाल्नुभएको छ । श्री चौधरी भारतीय प्रहरी सेवाको उत्तर प्रदेश क्याडरका वरिष्ठ अधिकारी हुनुहुन्छ। उहाँ गत जनवरीमा सशस्त्र सीमा बलको महानिर्देशक नियुक्त हुनुभएको थियो ।

## 7. Bangladesh Agitation

बंगलादेशमा प्रदर्शनकारीहरूले राष्ट्रव्यापी आन्दोलनको आह्वान गरेपछि आज बिहानैदेखि हिंसात्मक घटना भइरहेका छन् । ढाका र यसका छेउछाउका जिल्लाहरू बाहेक अन्य धेरै शहरहरूबाट प्रदर्शन र हिंसाका रिपोर्टहरू प्राप्त भइरहेका छन्। ढाका नजिकैको मुन्शीगञ्ज सहरमा दुई जनाको मृत्यु भएको र कैयौं घाइते भएको बताइएको छ । मागुरामा प्रदर्शनकारी, सत्तारुढ दलका कार्यकर्ता र प्रहरीबीच झडप हुँदा एक जनाको मृत्यु भएको छ भने २० जना घाइते भएका छन् । प्रदर्शनकारीहरूले प्रधानमन्त्री शेख हसिनाको वार्ताको प्रस्तावलाई अस्वीकार गर्दै उहाँको राजीनामा मागेका छन्। । मध्य जुलाईमा भएको घातक हिंसापश्चात् बंगलादेश सरकारले राष्ट्रव्यापी कर्फ्यू लगाएपछि विद्यालयलगायत सबै शैक्षिक संस्थाहरू विगत दुई सातादेखि बन्द छन्।

## 8. Bangladesh PM Meet

यसैबीच प्राप्त समाचारअनुसार बंगलादेशकी प्रधानमन्त्री शेख हसिना आज बिहान ११ बजेदेखि आफ्नो निवासमा राष्ट्रिय सुरक्षा समितिको बैठकमा सहभागी भइरहनुभएको छ। बैठकमा राज्यमन्त्री, प्रधानमन्त्रीका सुरक्षा सल्लाहकार, सचिव, सेना, नौसेना, वायुसेना, प्रहरी र तटरक्षक दलका प्रमुखहरु सहभागी छन् ।

## 9. Akashvani – Music Concert

आकाशवाणी म्युजिक कन्सर्ट-२०२४ हिजोदेखि नयाँ दिल्लीमा आयोजना भइरहेको छ । दुई दिने कन्सर्ट आकाशवाणीको रंगभवन प्रेक्षागृहमा भइरहेको छ। हिजो चर्चित कलाकार पण्डित राजेन्द्र प्रसन्नले आफ्नो सुमधुर बाँसुरीले दर्शकलाई मोहित बनाएका थिए भने पण्डित जयतीर्थ मेबुन्दीले आफ्नो ब्यारिटोनले मंत्रमुग्ध गरेका थिए । आज साढे ५ बजेदेखि पण्डित विश्वमोहन भट्ट, पण्डित सलिल भट्ट, पण्डित साजन मिश्र र स्वर्ण मिश्र जस्ता गुरुहरूले प्रस्तुति दिनेछन् । दिल्ली बाहेक हैदरावाद, पटना, जम्मु, शिलोङ, इम्फाल, कटक, बैंगलोर, भोपाल, चेन्नई र राँची लगायतका सहरमा पनि आकाशवाणी म्युजिक कन्सर्ट भिन्नाभिन्नै दिनहरूमा आयोजना हुँदैछ । आकाशवाणीले भारतको विविध सम्पदा र संस्कृतिलाई सुदृढ पार्न उत्कृष्ट भूमिका खेल्दै आएको छ।

## 10. IMD Weather

मौसम विज्ञान विभाग (आईएमडी) ले आज पश्चिम मध्य प्रदेश र पूर्वी राजस्थानमा अत्यधिक भारी वर्षाको पूर्वानुमान गरेको छ। यो साता देशका अधिकांश स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

## 11. Cricket

भारत र श्रीलंकाबीचको तीन खेलको एकदिवसीय शृङ्खलाको दोस्रो खेल आज कोलम्बोको प्रेमदासा स्टेडियममा खेलिंदैछ। श्रीलंकाले टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय गरेको छ ।

## 12. Olympic - Schedule

पेरिस ओलम्पिकमा, भारतीय हक्की टोलीले बेलायतलाई पेनाल्टी सुटआउटमा 4-2 ले हराएर सेमिफाइनलमा प्रवेश गरेको छ। भारतका लागि हरमनप्रीत सिंहले पहिलो गोल गरेका थिए भने बेलायतका ली मोर्टनले बराबरी गोल गरेपछि खेल टाइब्रेकरमा पुगेको थियो । यसैबीच ब्याडमिन्टनको सेमिफाइनलमा आज एकमात्र भारतीय खेलाडी लक्ष्य सेन टोकियो ओलम्पिकका स्वर्ण पदक विजेता डेनमार्कका भिक्टर एक्सेलसेनसँग पराजित भए। अब उनले काँस्य पदकका लागि प्रतिस्पर्धा गर्नेछन्। बक्सिङमा लोभलिना बोर्गोहेन ७५ केजी तौल समूहको क्वार्टरफाइनलमा चीनकी ली छियानसँग पराजित भएकी छिन्।